आज मिति २०७७।०१।१३ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बासियो।

तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष-१
४. श्री सन्तोष सुवेदी - " २
५. श्री परशुराम राई - " ३
६. श्री चरण कुमार राई - " ४
७. श्री देव नारायण चौधरी - " ५
८. श्री कमलध्वज राई - " ६
९. श्री तेजराज लिम्सिना - " ७
१०. श्री श्याम कुमार मगर - " ८
११. श्री प्रकाश राउत - " ९
१२. श्री राम कुमार खड्का - " १०
१३. श्री देवि कार्की - नगर कार्य सद
१४. श्री जानुका कमर - "
१५. श्री मदन कुमारी कार्की - "
१६. श्री विमला राई - "
१७. श्री आस्मिता नेपाली - "
१८. श्री प्रमिला दर्नुवार - "
१९. श्री सुन्दर प्रकाश साह - "
२०. श्री शिवप्रसाद डुमेगाई - प्रमुख प्रशासकिय अधिकृत

प्रस्तावहरु

१. राहत वितरण सम्बन्धमा।
२. पूर्वाधार निर्माणका कामहरु संचालन गर्ने सम्बन्धमा।
३. कृषि सामाग्री (औषधी, उपकरण) खरिद सम्बन्धमा।
४. स्थानीय बजार संचालन सम्बन्धमा।
५. नदिजन्य पदार्थ उत्खनन् तथा संकलन सम्बन्धमा।
६. आगलागि पिडितलाई राहत सम्बन्धमा।

Scanned by CamScanner

## छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नं. १ माथि छलफल गर्दा हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमण रोकथामको लागि नेपाल सरकारद्वारा घोषित लकडाउनको कारण दैनिक गुजारामा प्रत्यक्ष प्रभाव पर्ने यस नगर क्षेत्रका असंगठित क्षेत्रका मजदुर, असहाय तथा अति विपन्न नागरिकहरुको लागि १५ दिनको लागि यस न.पा.ले खाद्यान्न राहत वितरण गरेकोमा लकडाउनको अवधि लम्बीएर गएको हुँदा यस न.पा.को मिति २०७७।१।१२ गतेको निर्णय अनुसार वडा कार्यालयहरु मार्फत पुन: १० दिनको लागि अतिविपन्न नागरिकहरुको लागि खाद्यान्न राहत वितरण गर्ने निर्णय गरियो ।

**नि.नं.२** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगर क्षेत्रमा चालु आ.व.मा संचालन गर्ने विकास निर्माणका कार्यहरु सम्बन्धित वडा कार्यालयको प्रत्यक्ष निगरानीमा लकडाउनलाई कुनै प्रकारको प्रभाव नपर्ने गरि र स्थानिय रुपमा कुनै पनि विवाद सृजना हुन नदिने गरी आफ्नै वडाका सम्बन्धित लाभग्राही हरुबाट कामदारहरु प्रयोगगरी संचालन गर्ने व्यवस्था मिलाउने निर्णय पारित गरियो । साथै यस न.पा. को सिमिक्षेत्र वडामा पर्ने सिमानाकाहरु मुख्य रुपमा वडा नं. ३ को बेल्हका मन्दिर हाइवेय, वडा नं. ४ को नमुना, वडा नं. ५ को जुटपानी, वडा नं. १० को औंधेरी खोला र डकराहा, वडा नं. १२ र ८ को खोराठ्र र भोजपुरका सिमानाकाहरुमा समेत निगरानी बढाई सबै नाकाहरुमा मानिसहरुको आवत जावतमा पूर्णरुपमा कडाई गर्ने निर्णय गरियो ।

पुनश्च :- यस नगर क्षेत्रमा व्यक्तिगत घर भत्काई नयाँघर निर्माण शुरु गरेका र आगलागी भई घरबार विहिन भएका घरहरु समेत लकडाउनलाई कुनै पनि प्रभाव नपर्ने गरी स्थानीय कामदारहरु मात्र प्रयोग गरि निर्माण गर्ने ~~निर्णय~~ व्यवस्था सम्बन्धित वडा कार्यालय मार्फत गराउने र सो सम्बन्धी सम्पूर्ण अभिलेख वडा मार्फत न.पा.ले राख्ने निर्णय गरियो ।

**नि.नं.३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा हाल यस नगर क्षेत्र, सबै वडाहरुमा किसानहरुले लगाएको मकैबालीमा फौजीकिरा-को अत्याधिक संक्रमण भई ~~भएको~~ मकैबाली नष्ट गरेको र यस

Scanned by CamScanner

न.पा. को स्वीकृत कार्यक्रम अनुसार अन्य रोगकिरा रोगथाम को लागि औषधी खरिद शीर्षकमा रु. ५०,०००।- मात्र रकम भएको र यस न.पा.को विविध भैपरी शीर्षकमा भएको रकम कोरोना महामारी रोकथाम र राहत वितरणमा खर्च भएको हुँदा उक्त फौजीकिरा महामारी रोकथामको लागि आवश्यक विषादीहरु तपसिल अनुसार रकम शंशोधन गरि खरिद गर्ने साथै कृषिकार्यको लागि अति आवश्यक तपसिलका सामानहरु समेत तत्काल खरिद गरी किसानहरुलाई उपलब्ध गराउने निर्णय पारित गरियो।

तपसिल

| क.स. | शिर्षक | खरिद गरिने सामाग्री | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | कृषि उपकरण | स्प्रेयर ( चार्जेवल+म्यानुअल) | २,००,००० | विनियोजित रकम |
| २. | वैदेशिक रोजगार( उद्यमी व्यवसाय) | फौजीकिरा/अन्य विषादि | २,००,००० | संशोधन रकम |
| ३. | फलफुल खेती तलिम | विउ विजन/तरकारी | १,००,००० | संशोधन रकम |
| ४. | व्यवसायिक पाठशाला | विउ विजन/तरकारी | १,५०,००० | संशोधन रकम |
| ५. | प्लाष्टिक टनेल/मल्चिङ्ग | टनेल (नगरपालिका) | २,००,००० | विनियोजित रकम |
| ६. | थोपा सिंचाइ सामाग्री | थोपा सिंचाइ सेट | १,००,००० | विनियोजित रकम |

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिका क्षेत्रका मुख्य बजार क्षेत्रमा नागरिकहरुको दैनिक अत्यावश्यक खाद्यान्नहरु सामाजिक दुरी कायम गरि लकडाउन लाई असर नपर्नेगरि बिहान ५:०० बजे देखी बिहान ८:०० बजे सम्म खोल्ने र ८:बजे पछि बजार पूर्णरुपमा बन्द गरि ८:३० बजे सम्म व्यापारी तथा ग्राहक (घर पुगी सक्ने) बजार खाली गरि सक्ने) र बेलुका ४:०० बजे देखी ६:०० बजे सम्म खोल्ने र ६:३० बजे सम्म पूर्णरुपमा बजार खाली गरि सक्ने उक्त समय अनुसार तपसिलका बजारहरु संचालन

Scanned by CamScanner

गर्ने निर्णय गरियो ।

तपसिल

१. बेल्टार बजार वडा नं. ६,र ७ बेल्टार
२. हडिया बजार वडा नं. १०, हडिया
३. शनिबारे बजार वडा नं. ४, शनिबारे

**नि.नं.४** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नपा.को स्वीकृत IEE अनुसार विभिन्न वडामा रहेका नदि तथा खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन तथा संकलन गर्ने सम्बन्धमा मनन कन्स्ट्रक्शन प्रा.लि. सुन्दरहरैंचा संग ठेक्का सम्झौता भएकोमा हालको लकडाउनको कारण उक्त नदिजन्य पदार्थ उत्खनन तथा बिक्रिवितरण कार्य बन्द गरिएको हुंदा हालको लकडाउनलाई कुनै असर नपर्ने गरी नेपाल सरकारद्वारा संचालित तथा यस नपा. द्वारा संचालित पूर्वाधार निर्माणका कार्यहरु संचालन गर्न समेत नदिजन्य पदार्थ आवश्यक पर्ने भएको हुंदा उक्त मनन कन्स्ट्रक्शन प्रा.लि. लाई लकडाउनको पालना गर्दै लकडाउनलाई असर नपर्ने गरि यस नपा. संग भएको सम्झौता अनुसारका स्थानहरुबाट नदिजन्य पदार्थ उत्खनन तथा बिक्रिवितरण गर्नको लागि अनुमति दिने निर्णय गरियो ।

**नि.नं.६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नपा.को विभिन्न वडामा बसोबास गर्ने व्यक्तिहरुको घर आगलागि भई पूर्णरुपमा घरबार विहिन भएका तपसिलका (घरपरिवारलाई) व्यक्तिहरुलाई यस नपा.को विपद् राहत कार्यविधि अनुसार घर निर्माणको लागि प्रति परिवार रु. ३००,०००।- का दरले राहत रकम उपलब्ध गराउने निर्णय गरियो । उक्त रकम ३ किस्तामा उपलब्ध हुनेछ ।

तपसिल

१. धनमाया परियार वडा नं. ४ रु. ३००,०००।-
२. एकराज राई वडा नं. ३ रु. ३००,०००।-